"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :- ११६२

मिति २०७८।०५।२०

**विषय : बालचित्र डायरीमा सहभागि गराईदिने सम्बन्धी सूचना ।**

श्री सवै सामुदायिक तथा संस्थागत विद्यालयहरु

धरान उपमहानगरपालिका , धरान सुनसरी ।

प्रस्तुत विषयमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय सिंहदरवार काठमाडौंको च.न.२३ मिति २०७८।५।१० को पत्रबाट पन्ध्रौ " मित्सुबिसी एशियाली बाल चित्र-डायरी महोत्सव २०२१-२०२२"(Mitsubishi Asian Children's Enikki Festa, 2021-2022) संञ्चालन हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउदै सो महोत्सवमा बढी भन्दा बढी बालबालिकाको सहभागिताका लागि त्यस पालिका भित्र संञ्चालित सबै विद्यालयका बालबालिका लगायत अन्य बालबालिकाहरुलाई ( ६ देखी १२ बर्ष उमेर समुहका ) समेत सहभागिताका लागि सूचना सम्प्रेषण, समन्वय र सहजीकरण गरी दिनहुन भनि लेखि आएकोले तपशिलको नियम भित्र रहि यही असोज मसान्त भित्र इच्छुक बालबालिकाबाट चित्र डायरी बनाउन लगाई शिक्षा, युवा तथा खेलकुद महाशाखा धरान उपमहानगरपालिकामा आईपुग्ने गरी पठाईदिनुहुन यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

.............................
रत्नबहादुर कटुवाल
उपसचिव

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

तपशिल

१) शिर्षक : "यही हो मेरो जीवन" रहेको छ ।
२) ६ देखी १२ बर्षका उमेर समुहका बालबालिका हुनु पर्ने छ ।
३) बालबालिकाले विद्यालय वा घरैमा बसी उक्त बाल चित्र डायरीमा सहभागि हुन पाउनेछन् ।

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११९१ वरुणयन्त्र: १०१, ५२०११९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :-११६८

४) चित्र पाँच (५) वटा फरक फरक किसिमका हुनु पर्ने साथै सो भन्दा कम भएमा उक्त चित्रको मुल्याङ्कन हुने छैन ।

५) चित्रको साईज ( २९७ मिमि x २१० मिमि ) को ठाडो पृष्ठमा माथी पट्टीको आकार ( Vertically) चित्र बनाई त्यसको मुनि चित्र बारे केही बाक्यहरु लेख्नु पर्ने छ ।

६) कागजको तीन भाग मध्ये दुई भाग (माथी) मा चित्र बनाउने र एक भाग (तल्लो) मा चित्र वर्णन गरी तीन देखी पाँच हरफ सम्म मात्र विवरण लेख्नु पर्ने छ ।

७) बाल चित्र निर्माणका लागि चाहिने आवश्यक सामाग्री ड्रईङ्ग सीट ($A_4$ size को paper)पाँच सीट, कलर पेन्सील एक प्याकेट, पेन्सील एक वटा, इरेजर एक वटाका दरले र चित्र निर्माण कार्य विधि यस शिक्षा, युवा तथा खेलकुद महाशाखा बाट यथासिघ्र बुझि लानु हुन ।

८) चित्रको प्रत्येक पानाको पछडी पट्टी दिएको विवरण अनिवार्य रुपमा भर्न लगाई विद्यालयको हकमा प्रधानाध्यापकले विवरण प्रमाणीत गरी पठाउनु पर्ने छ ।

९) यस बालचित्र डायरीमा उत्कृष्ट भए आकर्षक पुरस्कारको व्यावस्था रहेको छ ।

१०) चित्र निर्माण सम्बन्धी अन्य जानकारी " मित्सुबिसी एशियाली बाल चित्र डायरी महोत्सव २०२१-२०२२"( Mitsubishi Asian Children's Enikki Festa, 2021-2022) को सञ्चालन कार्यविधी अनुसार गर्नु हुन ।

११) उक्त बाल चित्र डायरी संकलन गरी युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय सिंहदरवार काठमाडौंमा पठाईने छ ।

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

बोधार्थ :

श्री सूचना शाखा, धरान उमनपा : सुचना website मा राखिदिनु हुन ।